(सम्पत्तिको) निर्धारित हिस्साहरू त्यसका हकदारहरूलाई प्रदान गर, त्यसपछि बाँकी रहेको सम्पत्ति सबैभन्दा निकटतम पुरुष उत्तराधिकारीको हुन्छ।

इब्न अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेको छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ: "(सम्पत्तिको) निर्धारित हिस्साहरू त्यसका हकदारहरूलाई प्रदान गर, त्यसपछि बाँकी रहेको सम्पत्ति सबैभन्दा निकटतम पुरुष उत्तराधिकारीको हुन्छ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) सम्पत्ति बाँड्ने जिम्मेवारी पाएका व्यक्तिहरूलाई आदेश दिनुभएको छ, उनीहरूले अल्लाहको आदेश र शरीयतअनुसार न्यायपूर्ण तरिकाले बाँडफाँट गर्नुपर्छ। वारिस (सम्पत्तिको हकदार) हरूमध्ये जसका हकहरू कुरआनमा निश्चित गरिएका छन्, उनीहरूलाई तिनका निर्धारित भागहरू प्रदान गर्नुपर्छ—जस्तै: दुई-तिहाइ, एक-तिहाइ, एक-छैटौँ, आधा, एक-चौथाइ र एक-आठौँ भाग। यी निर्धारित भागहरू वितरण गरेपछि बाँकी रहेको सम्पत्ति, मृतकसँग सबैभन्दा नजिकको सम्बन्ध राख्ने पुरुष वारिसहरूलाई दिइन्छ र उनीहरूलाई "असबा" भनिन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/5887